# प्रदेश सभा
# प्रदेश नं. ४
# दोश्रो अधिवेशन
# (पाँचौ बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण
## मिति : २०७५।०२।२१ गते, दिनको १:५० बजे

**प्रदेश सभा गण्डकी प्रदेशको दोश्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा दिनको १ बजेर ५० मिनेटमा प्रारम्भ भयो ।**

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

म सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गरुङलाई प्रदेश आकस्मिक कोष संवन्धि प्रस्ताव लाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेशसभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ बमोजिम विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गरुङज्यू

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ जेष्ठ १६ गते प्रस्तुत भएको र सोही दिनको दोश्रो बैठकमा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भइ सामान्य छलफल समेत भएको प्रदेश आकस्मिक कोष संवन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेश नं. ४ प्रदेशसभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश आकस्मिक कोष संवन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकलाई विधायन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ, प्रदेश आकस्मिक कोष संवन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु।

अब म माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई स्थानिय तहको कानुन निर्माण प्रक्रियाका संवन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ बमोजिम विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू

माननीय सभामुख महोदय, सम्मानित सभामा २०७५ जेठ १६ गते प्रस्तुत भएको र सोहि दिनको दोश्रो बैठकमा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भइ सामान्य छलफल समेत भएको स्थानिय तहको कानुन निर्माण प्रकियाको संवन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश नं. ४ प्रदेशसभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ बमोजिम दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुखज्य

माननीय सदस्यहरु, अब स्थानिय तहको कानुन निर्माण प्रक्रियाका संवन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई विधायन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ स्थानिय तहको कानुन निर्माण प्रक्रियाको संवन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।
अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ प्रदेश नं. ४ प्रदेशसभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ बमोजिम सभामा दफावार छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यू

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ जेठ १६ गते प्रस्तुत भएको र सोहि दिनको दोश्रो बैठकमा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक प्रदेश नं. ४ प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ बमोजिम सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ लाई सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गदछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,
यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन तसर्थ, प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ लाई सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ माथि छलफल प्रारम्भ हुन्छ ।

छलफलमा विधेयकका दफाहरु तथा आनुशांकिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यवहोरा पनि माननीय सदस्यहरुलाई जानकारी गराउछु । उक्त छलफलमा बोल्न चाहानुहुने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेट को समय निर्धारण गरेको छु । छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुले सभामुखसँगै ड्यास्मा बसेका कर्मचारीहरुलाई आफ्नो नाम टिपाउनुहुन अनुरोध गर्दछु ।

अब यो छलफल यहि समाप्त हुन्छ ।

अब म विधेयकको दफा १ देखि ६ सम्म प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,
यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको दफा १ देखि ६ सम्म सर्वसम्मतिले प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ को अंग बनेको घोषणा घोषणा गर्दछु ।
अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** प्रदेश १, ४ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न वान्छनिय भएकोले प्रदेशसभाले यो ऐन बनाएको छ ।
**१. संक्षिष्त नाम र प्रारम्भ :** यस ऐनको नाम प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन ऐन २०७५ रहेको छ । यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।
अब म विधेयकको प्रस्तावना र नाम प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।
हुन्छ,,,,,,,,,,,,,,,,
यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयकको अंग बनेको  घोषणा गर्दछु ।

अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ लाई प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ प्रदेश नं. ४ प्रदेशसभा नियमावली २०७४ को नियम १२२ बमोजिम विधेयकलाई पारित गरियोस् भनि विधेयक प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यू**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७४ जेठ १६ गते बसेको सभाको बैठकमा प्रस्तुत भइ सभामा दफावार छलफल समेत भइ प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ प्रदेश नं. ४ प्रदेशसभा नियमावली २०७४ को  नियम १२२ बमोजिम पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न चाहान्छु । धनयवाद।

**माननीय सभामुखज्यू**

अव यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७५ सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरलाई प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक प्रदेशसभा नियमावली २०७४ को नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरज्यू**

माननीय सभामुख महोदय, सार्वजनिक, नीजि, सहकारी साझेदारीमा उन्नत जातका पशुपालनबाट दुग्ध उत्पादन, प्रशोधन, बजारीकरण एंव रोजगारी सिर्जना गरी आर्थिक समृद्धि हासिल गर्न सार्वजनिक, नीजि, सहकारी क्षेत्रका बीच समन्वय

र सहजीकरणको लागि दुग्ध विकास बोर्डको स्थापना र व्यवस्था गर्न आवश्यक भएकोले प्रदेशसभा सचिवालयमा मिति २०७५ जेठ १६ गते दर्ता भएको प्रदेश दुग्ध विकास वोर्ड को स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा प्रदेश नं. ४ प्रदेशसभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।
धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब म प्रदेश राजधानी तथा नामाकरण विषयक समितिको प्रतिवेदन सो समितिका सभापति जेष्ठ सदस्य माननीय श्री विन्दु कुमार थापालाई सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय श्री विन्दु कुमार थापाज्यू

सभामुख महोदय, प्रदेश राजधानी तथा नामांकन विषयक समितिको प्रतिवेदन आज कम्पीलिट भएको छ । र यसलाई पेश गर्न यो सम्मानित सभामा म आफु उपस्थित भइरहदाखेरी धेरै खुशी लाइराखेको छ ।
सभामुख महोदय, २०६२।६३ को आन्दोलनको परिणाम स्वरुप नेपालमा राजतन्त्रको अन्त भई संघीय गणतन्त्रमा शासन पद्दती थालनी भएको र जनतामा निहित सार्वभौमसत्ताको आधारमा मुलूकले नेपालको संविधान प्राप्त गरेको छ । यस संविधानले परिकल्पना गरेको शासकीय स्वरुपमा तीन तहको सरकार रहने व्यवस्था गरेको छ ।  जसमा संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकार रहने गरी २०७४ सालमा संपन्न आम निर्वाचनबाट मुलुकले अहिले तीनै तहको सरकार प्राप्त गरिसकेको छ । नेपालको कुल क्षेत्रफलको १४.८३ प्रतिशत भूभाग ओगटेको र  कुल जनसंख्याको ९.११ प्रतिशत अर्थात २४ लाख १३ हजार ९ सय ८ यस प्रदेशमा ५८ गाउँपालिका, २६ नगरपालिका, १ महानगरपालिका समेत गरी ८५ वटा स्थानिय सरकारहरु रहेका छन । सुन्दर हिमाली श्रृंखला, मनोरम पहाडी बस्ती र अन्नको भण्डार रहेको तराईको सुन्दरफाँट त्यस्तै बहुजाती, बहुभाषाको फुलवारी, प्रसिद्ध तालतलैया,गुफा, पवित्र धार्मिकस्थल तथा जैविक विविधताले भरिपूर्ण प्रदेश नं. ४ नेपालका समृद्ध प्रदेशको रुपमा विकसित हुदै गइरहेको छ । हालसम्म अस्थायी रुपमा यस प्रदेशको नाम प्रदेश नं. ४ र अस्थायी राजधानी पोखरा रहदै आएको छ । नेपालको संविधानको धारा २८८ को उपधारा २ मा नेपालको संविधानको धारा २९५ बमोजिमको प्रदेशको

राजधानी संवन्धित प्रदेशको प्रदेशसभामा तत्काल कायम रहेको सदस्य संख्याको दुईतिहाई बहुमतबाट निर्णय भएबमोजिम हुने व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्था अनुरुप प्रदेश नं. ४ प्रदेशसभा नियमावली २०७४ को नियम १५२ बमोजिम प्रदेशको राजधानी तोक्ने तथा नामांकन गर्ने कार्यमा सिफारिस गर्नका लागि समितिको कार्य अवधि गठन भएको मितिले ३० दिन हुने गरी मिति २०७४।१२।१२ गते प्रदेशसभाको बाह्रौं बैठकले ११ सदस्यहरु रहने गरी प्रदेश राजधानी तथा नामांकन विषयक एक समिति गठन गरेको थियो । ३० दिनको कार्यवधि तोकिएको भएता पनि विभिन्न राजनैतिक दलहरुबाट लिखित रुपमा राय सुझाव समयमा आइ नसकेको हुँदा समितिको म्याद २ पटक गरी ४० दिन थप गरिएको थियो ।

सभामुख महोदय, समितिको गठन देहाय बमोजिमको सदस्य रहने गरी उक्त समिति गठन भएको थियो ।

माननीय श्री कृष्ण थापा,
माननीय श्री चन्द्र बहादुर बूढा,
माननीय श्री दीपक कोइराला,
माननीय श्री धनञ्जय दवाडी,
माननीय श्री विन्दु कुमार थापा,
माननीय श्री भागवत प्रकाश मल्ल,
माननीय श्री मधुमाया अधिकारी गुरुङ,
माननीय श्री मिनप्रसाद गुरुङ।
माननीय श्री सरिता गुरुङ,
माननीय श्री सावित्रा राना,
माननीय श्री हरिशरण आचार्य ।

साथै प्रदेशसभा सचिवालयको सचिव नि समितिको सचिव तोकिएको । समितिले आफैले कार्यविधि टी.ओ.आर तोकी काम कारवाही अगाडि बढाएको थियो ।

समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको तोकिएको थियो ।

समितिले सरोकारवालासँग सुझाव संकलन गर्ने,
समितिले आफ्नो प्रतिवेदन सहितको प्रस्ताव प्रदेशसभा समक्ष पेश गर्ने ।

२.१ समिति गठन भएदेखि हालसम्म विभिन्न समयमा ११ वटा समितिको बैठक बसेको र समितिको कार्यावधि कार्यविधि अनुसार उक्त बैठक को अध्क्षता जेष्ठ सदस्यको नाताले म विन्दु कुमार थापाले गरेको थिए ।

**सभामुख महोदय, सुझाव संकलन प्रकिया ४ नं. :**

सुझाव संकलनलाई यथासंभव बैज्ञानिक, प्रभावकारी र सहभागितामुलक बनाउन देहाय बमोजिमको विधि र प्रकिया अवलम्वन गरेको थियो ।

(क) पत्रपत्रिका, विधुतिय माध्यम, सामाजिक संजाल, ईमेल,इन्टरनेट, ज्ञापनपत्र र सुचनालाई श्रोतको रुपमा ग्रहण गरिएको थियो । समितिका सदस्य तथा सचिवालयका कर्मचारीहरु सहित ५ वटा टोली प्रदेशका ११ वटै जिल्लाका सदरमुकामहरुमा पुगी जनप्रतिनिधि, संगठीत संस्थाका प्रतिनिधि, आमनागरिक, पत्राकारा, सामाजिक परिचालक, उधोग वाणिज्य संघ, वार एसोसिएसन विज्ञहरुसँग भेटघाट,अन्तरकिया कार्यकम मार्फत लिखित राय संकलन गरिएको थियो । प्रदेशका

प्रमुख राजनीतिक दल का आधिकारिक धारणाहरुलाई समेत यस प्रतिवेदनमा सुझावको रुपमा समेटिएको छ । समितिले आफ्नो काम कारवाहीलाई सहज बनाउन आवश्यकता अनुसार विज्ञहरुको समेत सहयोग लिएको थियो ।

सुचनाको विश्लेषण :

विभिन्न संगठित संघ संस्थाका ज्ञापनपत्रहरु कास्की जिल्लाको पोखरामा मिति २०७४।१२।२८ गते र बाँकी १० जिल्लाहरुमा मिति २०७५।१।९ गते र १० गते भएको अन्तरकिया तथा सुझाव संकलनका कार्यकमबाट प्राष्त तथ्यांक तथा सुचनाहरु लाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

**सभामुख महोदय, राजधानी संवन्धमा क :**

राजधानी तोक्नको लागि विभिन्न संघ संस्था, दल तथा सहभागीहरुबाट प्राप्त तथ्यांकहरुको तालिकामा देहाय बमोजिम देखिन्छ ।

राजधानी तोक्न सिफारिस गरिएको ठाउँ : पोखरा । संख्या ७०५ । प्रतिशत ९३.८७ प्रतिशत ।

गोरखा राख्नको लागि संख्या ३० प्रतिशत । ३० र प्रतिशतको हिसावले ३.९९ प्रतिशत । र अन्य राजधानी तोक्ने संवन्धमा : संख्या १६ र प्रतिशत २.१३ ।

माथि उल्लेखित तथ्यांक विश्लेषण गर्दा सवैभन्दा धेरै सहभागीहरु अर्थात ९७.८३ प्रतिशत सहभागीहरुको मत यस प्रदेशको थाई राजधानी पोखरा रहनुपर्छ भन्ने देखिन्छ । त्यस्तै यस प्रदेशको राजधानी गोरखा हुनुपर्छ भन्नेमा ३.९९ प्रतिशत र अन्य स्थानमा हुनुपर्छ भन्नेमा २.१३ प्रतिशत मात्र रहेको पाइयो । जिल्लागत रुपमा विश्लेषण गर्दा ११ वटा जिल्लाबाट प्रदेशको राजधानी पोखरा भन्ने एकमत रहेको देखिन्छ । यसैगरी नेकपा

एमाले, नेपाली काँग्रेस, राष्ट्रिय जनमोर्चा र नयाँशक्ति पार्टीले पोखरा राख्न पहिलो प्राथमिकता दिएको देखियो ।

**सभामुख महोदय, प्रदेशको नामांकन संवन्धमा :** प्रदेशको नामांकन निर्धारण गर्न जिल्लागत रुपमा विभिन्न संघ संस्था, दल तथा सहभागीहरुबाट प्राप्त तथ्यांकहरुको तालिकामा देहाय बमोजिम देखिन्छ ।

**प्रदेश नामांकन सिफारिस गरिएको :** गण्डकी प्रदेश भन्नीमा संख्या ३४६ प्रतिशतको हिसावले ४५.४० प्रतिशत । तमुवान मगरात नाम राख्नुपर्छ भन्नेमा २६० संख्या र प्रतिशतको हिसावले ३४.१२ । गोरखा ७२ संख्या र प्रतिशत ९.४५ । धौलागिरी २२ र प्रतिशत २.८९ । त्यसै गरेर हिमाल, अन्नपूर्ण, माछापुच्छ्रे लगायत अन्य नामहरु पनि आएको छ र अलि न्युन अवस्थामा रहेको छ प्रतिशतको हिसावले ।

माथि उल्लेखित तथ्यांक विश्लेषण गर्दा सबैभन्दा धेरै सहभागीहरु अर्थात ४५.४० प्रतिशत मत यस प्रदेशको नाम गण्डकी राख्न उपयुक्त हुन्छ भन्ने देखियो । भने नाम तमुवान मगरात हुनुपर्छ भन्ने दोश्रो धेरै अर्थात ३४.१२ प्रतिशतको मत रहेको पाइयो । यस प्रदेशको नाम गोरखा हुनुपर्छ भन्नेमा ९.४५ प्रतिशत सहभागीहरु तेश्रो बढी देखिए। धौलागिरी भन्नेहरु २.८९ प्रतिशत, हिमाल रहनुपर्छ भन्ने १.५७ प्रतिशत, अन्नपूर्ण रहनुपर्छ भन्ने ०.६६ प्रतिशत, माछापुच्छे रहनुपर्छ भन्ने ०.२६ प्रतिशत र अन्य नाम विभिन्न भन्नेको ५.६४ प्रतिशत रहेको पाइयो । त्यसैगरी जिल्लागत तथ्यांक विश्लेषण गर्दा ८ जिल्लाबाट गण्डकी र ३ जिल्लाबाट तमुवान मगरात नामांकन राख्न सुझाव दिएको पाइन्छ । यसबाट ७२.७२ प्रतिशत मत गण्डकी राख्नुपर्छ भन्ने र २७.२८

प्रतिशत तमुवान मगरात नामांकन गर्न जिल्लागत अवधारणा रहेको पाइयो । त्यसै गरी नामांकन नेकपा एमाले, नेपाली काँग्रेस र राष्ट्रिय जनमोर्चाले गण्डकी प्रदेश नामांकन गर्न प्राथमिकता दिएको देखियो भने नयाँशक्ति पार्टी नेपालले गण्डकी तमुवान राख्न पहिलो प्राथमिकता दिएको देखियो ।

**प्रदेशको राजधानी तथा नामांकन संवन्धमा दलगत धारणा :** प्रदेश राजधानी तथा नामांकन गर्नको लागि विभिन्न पार्टीगत धारणाहरु तालिकामा देहाय बमोजिम देखिन्छ ।

सभामुख महोदय, १ नं. मा नेकपा एमाले राजधानी पोखरा हुनुपर्छ भनिएको छ भने प्रदेशको नाम गण्डकी राख्नुपर्छ भनिएको छ । त्यस्तै गरेर नेपाली काँग्रेस पाटीबाट राजधानीको नाम पोखरा र नामांकन गण्डकी प्रदेश हुनुपर्छ भनिएको छ । त्यस्तै गरेर नेकपा माओवादी केन्द्रबाट यो लिखितरुपमा राय सुझाव प्राप्त नभएको, ४ नं. राष्ट्रिय जनमोर्चा राजधानी पोखरा र प्रदेशको नामांकन गण्डकी प्रदेश भनिएको छ । त्यस्तै

गरेर ५औ नं. मा नेपालशक्ति पाटीबाट प्रदेशको राजधानी पोखरा हुनुपर्छ भनिएको छ भने उहाँहरुले चाहि तीन वटा नामलाई प्राइरोटीवाइज दिनुभाको छ । १ नं. मा गण्डकी तमुवान, भन्नु भएको छ भने २ नं.मा गण्डकी र ३ नं. मा अन्नपूर्ण राख्नुभएको छ ।

माथि उल्लेखित तथ्यांक विश्लेषण गर्दा नेकपा एमाले, नेपाली काँग्रेस, राष्ट्रिय जनमोर्चा र नयाँशक्ति पाटीले प्रदेशको राजधानी पोखरा राख्न पहिलो प्राथमिकता दिएको देखियो । त्यसैगरी नेकपा एमाले, नेपाली काँग्रेस र राष्ट्रिय जनमोर्चाले गण्डकी प्रदेश नामांकन गर्न पहिलो प्राथमिकता दिएको देखियो भने, नयाँशक्ति पाटी नेपालले गण्डकी तमुवान राख्न पहिलो प्राथमिकता दिएको देखियो ।

सभामुख महोदय, समितिको निष्कर्ष : प्रदेशका प्रमुख राजनीतिक दलहरु, संगठित संघ संस्थाहरु विद्धान, आम नागरिक र यस प्रदेशको समृद्धि र उन्नतिका लागि सक्रिय सबै जनाहरुको राय तथा सुझाव र समितिका सदस्यहरुबाट स्थलगत राय सुझावहरुलाई आधार मानि प्रदेशको राजधानी तोक्नको लागि पोखरा र यस प्रदेशको नाम क्रमशः प्राथमिकताको आधारमा पहिलो गण्डकी, दोश्रो तमुवान मगरात, तेश्रो गोरखा र चौथो धवलागिरी संवैधानिक व्यवस्था बमोजिम निर्णय हुन उपयुक्त देखिन्छ । साथै विभिन्न राजनीतिक दलहरुबाट प्राप्त सुझाव का आधारमा राजधानी पोखरा र नामांकन गण्डकी प्रदेश राख्न सिफारिस गरिएको छ ।

अन्तमा प्रदेश राजधानी तथा नामांकन समितिको जिम्मेवारी पूरा गर्न निर्देशन दिनुहुने माननीय मुख्यमन्त्री ज्यू, माननीय सभामुख ज्यू, मन्त्री ज्यूहरु, उपसभामुख साथै लगनशील भई सहयोग पुर्‍याउनु हुने यस समितिका माननीय सदस्यहरु, प्रदेशसभा सचिवालयका कर्मचारीहरु, विभिन्न राजनीतिक दल, ११ वटै जिल्ला समन्वय समितिहरु तथा प्रजिअ, विभिन्न संघ संस्था, पत्राकार साथीहरुलाई यस महत्वपूर्ण कार्यमा आ-आफ्नो क्षेत्रबाट योगदान पुर्‍याउनु भएकोमा मेरो व्यक्तिगत तथा समितिको तर्फबाट धन्यवाद दिन चाहान्छु । विन्दु कुमार थापा, जेष्ठ सदस्य सभापति । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखज्यू**

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल जेठ २५ गते दिनको ४:०० बजे सम्मको लागि स्थगित हुन्छ ।**